

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक १७ गते मंगलबार ❑ 3 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

नयाँ कार्यसमिति अद्यावधिकका लागि कांग्रेसद्वारा निर्वाचन आयोगमा निवेदन

रासस
काठमाडौं, १६ कार्तिक

नेपाली कांग्रेसले पार्टीको १५औँ महाधिवेशनबाट निर्वाचित नयाँ कार्यसमिति अद्यावधिकका लागि निर्वाचन आयोगमा निवेदन दिएको छ।

पार्टी महामन्त्री प्रदीप पौडेलले सोमबार पार्टीको १५औँ महाधिवेशनबाट निर्वाचित सभापति सभापति गगनकुमार थापा नेतृत्वको केन्द्रीय कार्यसमिति अद्यावधिकका लागि निर्वाचन आयोगमा निवेदन दिनुभएको हो।

महामन्त्री पौडेलले निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीको उपस्थितिमा आयोगका सचिव कृष्णप्रसाद काप्रीलाई १५ औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको विवरण बुझाउनुभयो।

राजनीतिक दलसम्बन्धी ऐनको दफा-५१ अनुसार महामन्त्री पौडेलले कार्यसमितिको विवरणसहित पार्टीका अन्य दस्तावेज आयोगमा बुझाउनुभयो। उहाँले कांग्रेसको विधान संशोधनसम्बन्धी विवरण, महाधिवेशनबाट पारित राजनीतिक दस्तावेज, समसामयिक राजनीतिक दस्तावेज तथा महाधिवेशनका निर्णयहरू आयोगलाई बुझाउनुभएको हो।

कोरला नाका हुँदै तीन हजार ७२५ मेट्रिकटन चिनियाँ फलफूल आयात

पोखरापत्र संवाददाता
मुस्ताङ, १६ कार्तिक

नेपाल-चीन उत्तरी कोरला नाका हुँदै आइतबारसम्म तीन हजार ७२५ मेट्रिकटन फलफूल चीनतर्फबाट आयात भएको छ। गत भदौ २० गतेदेखि कोरला नाकाबाट चिनियाँ फलफूलजन्य मालवस्तु नेपाल भित्रिन थालेको हो।

यो नाकाबाट हालसम्म ११ किसिमका फलफूल चीनबाट नेपालतर्फ भित्रिएका कोरला नाकास्थित लोमान्थाङ-४ न्हेचुङमा रहेको क्वारेन्टाइन कार्यालयले जानकारी दिएको छ। रसुवाको भोटेकोशीमा आएको बाढीपछि रसुवा-केरुङ नाका भदौ १० गतेपछि पूर्ण रूपमा बन्द हुनुका साथै सिन्धुपाल्चोकको तातो पानी नाका लामो समयदेखि बन्द छ। ठूलो परिमाणमा चीनियाँ मालवस्तु नेपाल भित्रिने गरेकामा यी दुवै नाका बन्द हुँदा कोरला नाकाबाट चिनियाँ फलफूल नेपालतर्फ आयात हुन थालेको हो। रसुवागढी र तातोपानी नाका पूर्ण रूपमा बन्द भएपछिको करिब दुई महिनाको अवधिमा चीनतर्फबाट फलफूल आयातको परिमाण बढ्दै जान थालेको क्वारेन्टाइन कार्यालयका प्राविधिक सहायक बन्दना घर्तीमगरले जानकारी दिनुभयो। दसैँ-तिहार र छठपर्वलाई लक्षित गरी कोरला नाकाबाट चिनियाँ फलफूल नेपालतर्फ आयात भइरहेको उहाँको भनाइ छ। घर्तीमगरका अनुसार चीनबाट स्याउ, ड्रागन फ्रुट, नासपाती, आँप, अङ्गुर, किसमिसलगायत फलफूल कोरलानाका हुँदै नेपाल भित्रिएको छ। अन्य फलफूलजन्य खाद्य पदार्थमा फर्सीको बीउ, लसुन र फापर नेपाल भित्रिएको उहाँले जानकारी दिनुभयो। करिब दुई महिनाको अवधिमा चाडपर्व लक्षित सबैभन्दा बढी बोक्रा भएको ओखर र स्याउ नेपाल भित्रिएको उहाँको भनाइ छ।

यसअघि रसुवागढी नाकाबाट मार्ग परिवर्तन भई कोरला नाकाबाट भित्रिएका फलफूलजन्य पदार्थ ढुवानी गर्न गत असोज ११ गतेको बाढीपहिरो र नदी कटानले दुई साता बढी बेनी-जोमसोम सडक अवरुद्ध हुँदा समस्या परेको थियो। नाकाबाट भित्रिएका फलफूलको क्वारेन्टाइन परीक्षण तथा भन्सार जाँचपास भइसक्दासमेत गन्तव्यमा पुग्न सकेको थिएनन्। व्यवसायीद्वारा आयात गरिएको एक कन्टेनर ड्रागन फ्रुट बिग्रन थालेपछि मुस्ताङका स्थानीयलाई निःशुल्क वितरण गरिएको थियो।

पोखरा चिनाउँदै विदेशी 'कन्टेन्ट क्रिएटर'

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक

अन्तरराष्ट्रियस्तरमा पर्यटकीय सहर पोखरालाई चिनाउन विभिन्न सात देशका पर्यटनसम्बन्धी सामग्री निर्माता 'ट्राभल कन्टेन्ट क्रिएटर' यतिबेला पोखरामा छन्।

'प्रकृति, संस्कृति र साहस' मा आधारित यहाँका पर्यटकीय गन्तव्यलाई सामाजिक सञ्जाललगायत डिजिटल माध्यमबाट विश्व पर्यटन बजारमा प्रवर्द्धनका लागि उनीहरु पोखरा आएका हुन्। नेपाल पर्यटन बोर्ड र टिकटकको सहकार्यमा पोखरा आएका कन्टेन्ट क्रिएटरले यहाँका विभिन्न गन्तव्यमा पुगी भिडियो सामग्री निर्माण गरिरहेको बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले बताउनुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सक्रियतामा फ्रान्स, पोर्चुगल, ट्युनिसिया, दक्षिण कोरिया, संयुक्त अरब इमिरेट्स (युएई), बङ्गलादेश र श्रीलङ्काका कन्टेन्ट क्रिएटर पोखरा आएको उहाँको भनाइ छ। "ट्राभल कन्टेन्ट क्रिएटरले पहिलो चरणमा पोखरा, चितवन र बर्दियाको प्रवर्द्धनात्मक भिडियो सामग्री निर्माण गरी टिकटिकलगायत सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गर्नेछन्", बोर्डका कार्यकारी सदस्य पोखरेलले भन्नुभयो, "यो अभियान वर्षभरि नै सञ्चालन हुन्छ, अन्य देशका प्रभावशाली कन्टेन्ट क्रियटरलाई पनि नेपालको भ्रमण गराएर विश्वमाझ नेपालको पर्यटन प्रवर्द्धन गर्ने बोर्डको योजना छ।"

पोखरा आएका कन्टेन्ट क्रियटल शनिबार साँझदेखि यहाँका प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका गन्तव्यको स्थलगत भ्रमण गरिरहेको उहाँले बताउनुभयो। उनीहरुले फेवाताल, पातले छाँगो (डेभिज फल्स), विश्व शान्ति स्तूपा, पुम्दीकोट, कास्कीकोट, सराङकोट, बेगनास तालगायतका गन्तव्यस्थलमा पुगी भिडियो सामग्री तयार गर्नेछन्।

यहाँको प्राकृतिक सौन्दर्य, मौलिक कला, संस्कृति, साहसिक गतिविधि र स्थानीय जीवनशैलीलाई समेटेर निर्माण गरिएका भिडियो सामग्रीले पोखरा मात्र नभएर सिङ्गो देशकै पर्यटन प्रवर्द्धन हुने बोर्डका कार्यकारी सदस्य पोखरेलले बताउनुभयो।

चर्चित कन्टेन्ट क्रियटरको टिकटकलगायत सामाजिक सञ्जालका माध्यमबाट पोखराको पर्यटनलाई विश्वभर प्रवर्द्धन गर्न सकिने हुँदा बोर्डको अभियान प्रभावकारी हुने पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले बताउनुभयो। "धेरै फलओर्स भएका कन्टेन्ट क्रिएटरले टिकटिकबाट पोखराको भिडियो राख्दा त्यो विश्वभरका लाखौँ दशर्कमाझ पुग्न सक्छ", उहाँले भन्नुभयो, "गन्तव्य प्रवर्द्धनका लागि सामाजिक सञ्जालमा राखिने छोटो भिडियो सामग्री पछिल्लो धेरै प्रभावकारी देखिएको छ।"

रैथाने परिकारसम्बन्धी सीप विकास तालिम सञ्चालन

पोखरापत्र संवाददाता
मुस्ताङ, १६ कार्तिक

उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका, मराङमा रैथाने बाली परिकारसम्बन्धी एक हप्ते तालिम सञ्चालन गरिएको छ।

लो–मराङ होमस्टे तथा पर्यटन व्यवसायीलाई लक्षित गरी एक्याप लोमान्थाङले उक्त तालिम आयोजना गरेको हो।

सामुदायिक होमस्टे (घरवास) चलाएर बसेका घरधुरी तथा अन्य गाउँका स्थानीयलाई रैथाने खाद्य परिकारसम्बन्धी सीप तथा क्षमता विकासका लागि कुकिङ तालिम सञ्चालन गरिएको हो।

भौगोलिक रुपले विकट गाउँ मराङमा लोघेकर दामोदरकुण्डका स्थानीयलाई पर्यटनसँग जोड्ने गरी कुकिङ तालिम दिन सुरु गरिएको हो। राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षणक्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय लोमान्थाङको प्राविधिक सहयोग तथा लो–मराङ सामुदायिक होमस्टेको समन्वयमा रैथाने उत्पादनका परिकार बनाउने

बाँकी अन्तिम पृष्ठमा ▶▶

कात्तिक १८ देखि नवौं गोदावरी पुष्प प्रदर्शनी तथा फूल मेला हुने

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक


पोखरामा आगामी यही कात्तिक १८ देखि २३ गतेसम्म नवौं गोदावरी पुष्प प्रदर्शनी तथा पाँचौं गण्डकी प्रदेशस्तरीय एवं तेस्रो सयपत्री फूल मेला हुने भएको छ।

तिहार तथा छठ पर्वलाई लक्षित गरी स्थानीय फूलको प्रवर्द्धन, बजारीकरण र पुष्प व्यवसायको विकास गर्ने उद्देश्यले पोखरा रंगशालामा उक्त मेला आयोजना गर्न लागिएको सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

'सुन्दर नगरी पोखराको पहिचान, व्यावसायिक प्रवर्द्धनमा गोदावरीको शान' भन्ने मूल नाराका साथ आयोजना हुने मेलामा ३५ हजारभन्दा बढी दर्शकले प्रत्यक्ष अवलोकन गर्ने अपेक्षा गरिएको फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान) कास्कीका अध्यक्ष श्रीराम सुवेदीले बताउनुभयो। पुष्प व्यवसायको प्रवर्द्धनसँगै उपभोक्तालाई तिहार र छठ पर्वका लागि आवश्यक फूल तथा बिरुवा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले मेला आयोजना गर्न लागिएको उहाँले बताउनुभयो। अध्यक्ष सुवेदीले फूलखेती गर्न चाहने किसान, पुष्प व्यवसायी तथा घरआँगन र बगैंचा सजाउन चाहने सर्वसाधारणका लागि मेला उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो। फ्यान कास्कीका अनुसार मेलामा व्यावसायिक २२, कृषि सामग्रीका तीन र सूचनामूलक एक गरी कुल २६ वटा प्रदर्शनी तथा बिक्री कक्ष रहनेछन्। प्रदर्शनीमा नेपालमा लामो समयदेखि व्यावसायिक उत्पादन हुँदै आएका विभिन्न जातका गोदावरी फूल तथा यस वर्ष भित्रिएका नयाँ प्रजातिका फूलसमेत राखिनेछन्। यसका अतिरिक्त सयपत्री, मखमली, फूलमाला तथा अन्य मौसमी फूल र बिरुवाको प्रदर्शनी एवं बिक्री गरिने आयोजकले जनाएको छ। मेलाको उद्घाटन कात्तिक १८ गते पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गर्ने कार्यक्रम रहेको छ।

पोखरामा पछिल्ला वर्षहरूमा व्यावसायिक फूलखेती विस्तार हुँदै गएको छ। पोखरा महानगरपालिकाका अनुसार यस वर्ष महानगर क्षेत्रमा करिब दुई सय रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती गरिएको छ। महानगरका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाका अनुसार पोखरामा यस वर्ष तिहारलाई लक्षित गरी दुई करोड रुपैयाँभन्दा बढीको फूल कारोबार हुने अनुमान गरिएको छ। महानगर क्षेत्रमा हाल १६५ जना किसान व्यावसायिक फूलखेतीमा संलग्न रहेको र स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न महानगरले फूलखेती गर्ने किसानलाई बीउ तथा मल्चिङ प्लास्टिक खरिदमा ५० प्रतिशत अनुदानसमेत उपलब्ध गराएको छ। फ्यान कास्कीका अध्यक्ष सुवेदीका अनुसार संस्थामा आबद्ध ४२ वटा नर्सरी तथा पुष्प व्यवसायी पनि फूल उत्पादन र बिक्री वितरणमा सक्रिय छन्। व्यवसायीहरूले न्यूनतम ५० हजारदेखि अधिकतम ६ लाख रुपैयाँसम्म आम्दानी हुने गरी फूलखेती गर्दै आएका छन्।

यद्यपि, पछिल्लो समय लगातार परेको वर्षाका कारण खुला आकाशमुनि लगाइएको फूलखेती प्रभावित हुन सक्ने चिन्ता व्यवसायीहरूमा देखिएको छ। फ्यानका पूर्वअध्यक्ष एवं गोल्डेन नर्सरीका सञ्चालक दयाकुमार द्वाले यस वर्ष समग्रमा फूल उत्पादन राम्रो भए पनि वर्षालले उत्पादनमा केही कमी आउन सक्ने बताउनुभयो। प्लास्टिकको छानामुनि लगाइएका फूलमा तुलनात्मक रूपमा कम असर परेको भए पनि खुला ठाउँमा लगाइएका फूल प्रभावित भएको उहाँको भनाइ छ। उहाँका अनुसार पोखराको फूल बजारमा हाल करिब ७० प्रतिशत स्थानीय उत्पादनले हिस्सा ओगटेको छ भने बाँकी ३० प्रतिशत फूल छिमेकी जिल्ला तथा पालिकाबाट आउने गरेको छ। विगतमा फूलका लागि भारतमा निर्भर रहनुपर्ने अवस्था रहे पनि पछिल्ला वर्षमा स्थानीय उत्पादन बढ्दै जाँदा पोखरा फूलमा आत्मनिर्भरतातर्फ अघि बढेको उहाँले बताउनुभयो।





एसिसी यू-१९ एसिया कप खेल्न नेपाली टोली ओमान प्रस्थान गर्दै

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक

आगामी नोभेम्बर ५ देखि १४ तारिखसम्म ओमानमा आयोजना हुने एसिसी यू-१९ एसिया कप क्रिकेट प्रतियोगितामा सहभागि हुन लागेको नेपाली राष्ट्रिय टोलीलाई पोखरामा एक समारोहबीच बिदाइ गरिएको छ ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नेपाली क्रिकेटले अन्तर्राष्ट्रिय स्तरमा देशको पहिचान स्थापित गर्दै आएको उल्लेख गर्दै युवा खेलाडीहरूले एसिया कपमा उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गर्दै सोमबार बिदाई गर्नु भएको हो । बिदाइ कार्यक्रममा नगर प्रमुख आचार्यले खेलकुद राष्ट्रको प्रतिष्ठा र पहिचानसँग जोडिएको विषय भएको बताउँदै मैदानमा उच्च मनोबल, अनुशासन र खेल भावना प्रदर्शन गरी नेपालको गौरव बढाउन खेलाडीहरूलाई शुभकामना दिनुभयो । “खेलकुद राष्ट्रको प्रतिष्ठा र पहिचानसँग जोडिएको विषय हो । मैदानमा उच्च मनोबल, अनुशासन र खेल भावना प्रदर्शन गर्दै नेपालको गौरव बढाउने विश्वास लिएको छु। प्रतियोगितामा उत्कृष्ट प्रदर्शन



गरी विजयी भएर फर्किनुहोस्,” उहाँले भन्नुभयो ।

यसैबिच, कास्की जिल्ला क्रिकेट सङ्घ तथा गण्डकी प्रादेशिक क्रिकेट सङ्घको समन्वयमा टोलीलाई बिदाइ गरिएको छ । प्रतियोगिताका लागि विपिनप्रसाद शर्माको कप्तानीमा १५ सदस्यीय नेपाली टोली घोषणा गरिएको छ । टोलीको उपकप्तानमा निरजकुमार यादव रहनुभएको छ । मुख्य प्रशिक्षकमा वसन्त शाही र सहायक प्रशिक्षकमा धीरेन्द्रचन्द रहनुभएको छ। टोलीमा प्रसिद्ध जैसी, सोहेल कुँवर, दर्श सोनार, रोहित चन्द, निश्चल क्षेत्री, आशिष लुहार, रोशन शाही, सूर्यांशु कोइराला, अभय यादव, सुशीलबहादुर रावल, नितेशकुमार पटेल, शुभम खनाल र सचिन भट्ट रहनुभएको छ । प्रतियोगिताको तयार स्वरूप नेपाली टोलीले पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा एक सातासम्म प्रशिक्षण गरेको थियो । टोली मंगलबार फ्लाई दुबई हुँदै ओमान प्रस्थान गर्ने कार्यक्रम रहेको छ। आठ राष्ट्रको सहभागिता रहने प्रतियोगितामा नेपालले भारत, संयुक्त अरब इमिरेट्स (यूएई) र पाकिस्तानसँग प्रतिस्पर्धा गर्नेछ । नेपालले नोभेम्बर ६ मा भारतसँग पहिलो खेल खेल्नेछ । त्यस्तै, नोभेम्बर ८ मा यूएई र नोभेम्बर १० मा पाकिस्तानसँग प्रतिस्पर्धा गर्ने तालिका रहेको छ। छोटो समयको तयारी भए पनि टोलीले राम्रो अभ्यास गरेको मुख्य प्रशिक्षक वसन्त शाहीले बताउनुभएको छ। उहाँले खेलाडीहरूको मेहनत र तयारीका आधारमा प्रतियोगितामा राम्रो नतिजा ल्याउने अपेक्षा व्यक्त गर्नुभएको छ । गण्डकी प्रादेशिक क्रिकेट सङ्घका सदस्य ऋषिराम गौतमले नेपाली टोलीलाई शुभकामना दिँदै पोखरा रङ्गशालाको क्रिकेट मैदान निर्माण तथा स्तरोन्नतिका विषयमा प्रदेश सरकारको पर्याप्त चासो नदेखिएको गुनासो समेत गर्नुभयो । उहाँले क्रिकेटको विकास र खेलाडी उत्पादनका लागि आवश्यक पूर्वाधार निर्माणमा प्रदेश सरकार तथा सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो । युवा खेलाडीहरूले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो क्षमता प्रदर्शन गर्दै नेपालको क्रिकेटलाई थप उचाइमा पुऱ्याउने अपेक्षा गरिएको संघ गण्डकीका सचिव सुमनराज कार्कीले बताउनु भयो ।

पोखरामा ट्याक्सीका रूपमा लक्षित नयाँ ईभीको सुरुवात

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक

पोखराको विद्युतीय सवारी साधन (ईभी) बजारमा नयाँ विकल्प थपिएको छ ।

सीजी मोटर्सले आफ्नो ‘विद्युत् ईभी रिभोलुसन’ अभियानअन्तर्गत नयाँ विद्युतीय कार पोखरामा औपचारिक रूपमा सार्वजनिक गरेको छ। पोखराको न्युरोडस्थित आयोजित सार्वजनिक तथा लन्च कार्यक्रममा ग्राहकहरूको उत्साहजनक सहभागिता देखियो । पोखराको यातायात क्षेत्रमा ट्याक्सीका रूपमा समेत प्रयोग गर्ने लक्ष्यसहित बजारमा ल्याइएको उक्त ईभीले सार्वजनिक भएकै दिन उल्लेखनीय व्यावसायिक प्रतिक्रिया पाएको छ । लन्च भएको पहिलो दिनमै ९ वटा गाडी ग्राहकलाई हस्तान्तरण गरिएको छ भने ८१ वटा गाडी बुकिङ भएका छन् । यसले पोखरामा विद्युतीय सवारी साधनप्रति बढ्दो आकर्षण र मागलाई थप पुष्टि गरेको छ । पोखरामा विद्युतीय गाडीको माग अत्यधिक बढ्दै गएको उल्लेख गर्दै सीजी मोटर्सका प्रतिनिधि प्रमेश पराजुलीले नयाँ ईभीप्रति ग्राहकहरूले देखाएको चासो र उत्साहले आफूहरूलाई थप



उत्साहित बनाएको बताउनुभयो। उहाँका अनुसार सार्वजनिक भएकै दिन प्राप्त ८१ वटा बुकिङले पोखराको बजारमा विद्युतीय सवारीसाधनको सम्भावना र माग स्पष्ट पारेको छ । उक्त ईभीको सुरुवाती मूल्य ३१ लाख ९९ हजार रुपैयाँ निर्धारण गरिएको छ। गाडीमा ३०.२४ किलोवाट आवर क्षमताको ब्याट्री, ६० किलोवाटको मोटर तथा एकपटक पूर्ण चार्ज गर्दा ३३० किलोमिटरसम्म चल्न सक्ने कम्पनीको दाबी छ ।

गाडीमा सुरक्षाका लागि आईपी६७ रेटिङयुक्त ब्याट्री, वायरलेस चार्जिङ, ५४० डिग्री सराउन्ड भ्यु क्यामेरा तथा ९० प्रतिशत स्पेस इफिसियन्सीजस्ता विशेषता समावेश गरिएको कम्पनीले जनाएको छ ।

लन्चको अवसरमा सीजी मोटर्सले विशेष ग्रुप बुकिङ अफरसमेत सार्वजनिक गरेको छ । उक्त अफरअन्तर्गत पाँचवटा गाडी एकैपटक बुकिङ गर्दा कुल एक लाख रुपैयाँसम्म छुट उपलब्ध गराइने कम्पनीले जनाएको छ । आधुनिक डिजाइन, स्मार्ट प्रविधि, आकर्षक मूल्य र सञ्चालन खर्च कम हुने अपेक्षासहित बजारमा आएको यस ईभीले विशेषगरी पोखराको ट्याक्सी तथा सार्वजनिक यातायात क्षेत्रमा नयाँ सम्भावना सिर्जना गर्ने अपेक्षा गरिएको छ ।

एकै दिन ८१ वटा बुकिङ र ९ वटा गाडीको डेलिभरी हुनुले पोखरामा विद्युतीय सवारीसाधनप्रति ग्राहकको बढ्दो विश्वास र बजार विस्तारको संकेत गरेको छ ।

स्याङ्जामा दुई लाख ४९ हजार मतदाता कायम

पोखरापत्र संवाददाता
वालिङ, १६ कार्तिक

जिल्ला निर्वाचन कार्यालय स्याङ्जाले दुई हजार ५७२ मतदाताको नाम मतदाता नामावलीबाट हटाएको छ । कार्यालयले असोजमा सम्पन्न गरेको मतदाता नामावली अद्यावधिक कार्यक्रमअनुसार मृत्यु भएका र दोहोरो नामावली भएकाको नाम मतदाता सूचीबाट हटाएको हो ।

जिल्ला निर्वाचन कार्यालय स्याङ्जाका प्रमुख श्रीराम थापाका अनुसार एक हजार ३०८ जना मृत्यु भएका र एक हजार २६४ जना दोहोरो नामावली भएका गरी कुल दुई हजार ५७२ जना मतदाताको नाम सूचीबाट हटाइएको हो ।

“यसअघि मतदाताको नामावलीमा भएका त्रुटि सच्याउनका लागि जिल्ला निर्वाचन कार्यालयमा निवेदन प्राप्त भएका थिए”, उहाँले भन्नुभयो, “प्राप्त निवेदनका आधारमा यस अवधिमा ३४५ जना मतदाताको नामावलीमा भएका त्रुटि सच्याइएको छ ।”

ठेगाना र मतदान केन्द्र फरक परेका ७७२ जनाको मतदान केन्द्र (ठाउँसारी निवेदन)का आधारमा केन्द्र परिवर्तन गरिएको छ ।

कार्यालयले गत असोजमा मतदाताको नामावली अद्यावधिक गरेको थियो । अद्यावधिकपश्चात् निर्वाचन आयोगद्वारा प्रकाशित अन्तिम मतदाता नामावलीबमोजिम २०८३ भदौ १५ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताको सङ्ख्या दुई लाख ४९ हजार ६३ कायम भएको छ । त्यसमध्ये पुरुष एक लाख २३ हजार ११२ जना, महिला एक लाख २५ हजार ९५० जना र अन्य एक जना छन् ।

विसं २०८२ फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा दुई लाख ४८ हजार ८१६ मतदाता सङ्ख्या कायम रहेको थियो । मतदाता अद्यावधिक कार्यक्रमपश्चात् मतदाताको सङ्ख्या बढेको छ । गत फागुनमा सम्पन्न भएको निर्वाचनमा कायम भएका सङ् ख्याभन्दा अद्यावधिक भएपछि २४७ जना मतदाता बढेको उहाँले बताउनुभयो ।

मदन भण्डारी फाउन्डेसन कास्कीले बृहत सास्कृतिक कार्यक्रम गर्ने

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक

मदन भण्डारी फाउन्डेसन कास्कीको आयोजनामा विभिन्न चाडपर्वको अवसर पारेर आगामी कात्तिक २१ गते पोखरामा सांस्कृतिक कार्यक्रम आयोजना हुने भएको छ ।

विजयादशमी, दीपावली, नेपाल संवत् तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान गर्ने उद्देश्यले आयोजना गर्न लागिएको कार्यक्रममा ख्यातिप्राप्त कलाकारहरूको सांगीतिक तथा सांस्कृतिक प्रस्तुति रहने अध्यक्ष माधब बास्तोलाले जानकारी दिए। बास्तोलाका अनुसार पोखरा सभागृह, सभागृहचोकमा दिउँसो १ बजेदेखि सुरु हुने कार्यक्रममा चाडपर्वको अबसरमा शुभकामना साटासाट गर्नुका साथै नेपाली कला, संस्कृति र परम्पराको प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ ।

विविधतायुक्त नेपाली समाजमा चाडपर्वले आपसी सद्भाव, एकता र सामाजिक सम्बन्धलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन्। यस्ता सांस्कृतिक कार्यक्रमले मौलिक कला, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धनमा योगदान पुऱ्याउने विश्वास आयोजकले लिएको छ । मदन भण्डारी फाउन्डेसन कास्कीले कार्यक्रममा उपस्थित भई कार्यक्रमको गरिमा बढाइदिन सम्पूर्ण कला, संस्कृति प्रेमी, शुभेच्छुक तथा सर्वसाधारणलाई हार्दिक अनुरोध गरेको छ ।

पोखरा महानगरद्वारा स्वरोजगार प्रवर्द्धनमा जोड

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक

सीप विकासमार्फत रोजगारी सिर्जना, स्वरोजगार प्रवर्द्धन गरी बेरोजगारी न्यूनीकरण गर्ने उद्देश्यले पोखरा महानगरपालिकाले छ विधामा १२० जनालाई निःशुल्क सीपमूलक तालिम सञ्चालन गर्ने भएको छ ।

महानगरपालिकाको आर्थिक विकास महाशाखाअन्तर्गतको व्यवसाय प्रवर्द्धन केन्द्रले चालु आर्थिक वर्ष २०८३/८४ को स्वीकृत कार्यक्रम अनुसार वेटर/वेट्रेस, केयर गिभर, कुक, बारिस्टा, सहायक ब्युटिसियन र बाल विकास सहजकर्ता तालिम सञ्चालन गर्न लागेको हो । तालिममार्फत युवालाई बजारको मागअनुसारको व्यावसायिक सीप प्रदान गरी रोजगारीमा आबद्ध गराउनाका साथै आफैँ व्यवसाय सञ्चालन गर्न सक्षम बनाउने महानगरपालिकाको लक्ष्य छ । सीप र दक्षताको अभावमा रोजगारीका अवसरबाट वञ्चित हुनुपर्ने अवस्थालाई कम गर्न तालिमले सहयोग पुग्ने अपेक्षा गरिएको छ । व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख कार्यकारी अधिकृत नवराज अधिकारीले सीपमूलक तालिमले व्यक्तिलाई रोजगारी खोज्ने मात्र नभई आफैँ रोजगारी सिर्जना गर्न सक्ने बनाउने बताउनुभयो । उहाँका अनुसार बजारको मागअनुसारका सीप सिकाएर युवालाई स्वरोजगार तथा उद्यमशीलतातर्फ आकर्षित गर्नु तालिमको मुख्य उद्देश्य हो ।

“तालिमबाट प्राप्त सीपलाई व्यवहारमा उतार्न सके सहभागीले विभिन्न सेवा क्षेत्रमा रोजगारी पाउनुका साथै आफ्नै व्यवसाय सुरु गर्न सक्ने र त्यसले बेरोजगारी न्यूनीकरणमा पनि योगदान पुऱ्याउने छ। विगतका वर्षहरूमा सञ्चालित यस्ता तालिम प्रभावकारी बनेका कारणले यस वर्ष पनि निरन्तरता दिएका हौँ,” प्रमुख कार्यकारी अधिकृत अधिकारीले भन्नुभयो। केन्द्रका अनुसार प्रत्येक विधामा २० जनाका दरले कुल १२० जनालाई तालिममा सहभागी गराइनेछ । तालिमको अवधि विधाअनुसार १६० देखि ३९० घण्टासम्म रहनेछ । बारिस्टा १६० घण्टा र सहायक ब्युटिसियन तालिम ३६० घण्टाका हुनेछन् भने अन्य चार विधाका तालिम ३९० घण्टाका हुनेछन् । तालिमका लागि इच्छुक युवा तथा युवतीले कात्तिक मसान्तसम्म आवश्यक कागजपत्रसहित निवेदन पेस गर्नुपर्नेछ । देशको पर्यटकीय राजधानी समेत रहेको पोखरामा तालिमबाट आतिथ्य सेवा, स्वास्थ्य हेरचाह, सौन्दर्य सेवा तथा बाल विकास लगायतका क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुनुका साथै स्थानीयस्तरमा रोजगारीका अवसर विस्तार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको महानगरले जनाएको छ ।

रैथाने ...

सीप विकास तालिम आइतबारदेखि सुरु गरिएको हो। तालिमको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले उद्घाटन गर्नुभयो। अध्यक्ष विष्टले स्थानीयको जीविकोपार्जन तथा आयआर्जनका लागि रैथाने खानाका परिकार बनाउने तालिम फलदायी हुने अपेक्षा गर्नुभयो। परम्परागत बालीको संरक्षण तथा प्रबर्द्धन गरी स्थानीय होमस्टे चलाएर बसेका तथा अन्य घरधुरीलाई यसप्रकारको तालिमले ठूलो ज्ञानसीप र क्षमता अभिवृद्धि गर्नमा योगदान पुग्ने विश्वास गरिएको छ ।

मराङगाउँमा ४८ घरधुरी मध्ये १८ घरधुरीले होमस्टे (घरवास) सञ्चालन गरेका छन् । रैथाने खाद्यबालीका खानका परिकार बनाउने सीपमूलक तालिममा २८ घरधुरीको सहभागिता छ । तालिममा मराङ सामुदायिक होमस्टे घरधुरीसहित चराङ, घमी, यारा र घारा गाउँका पर्यटन व्यवसायी तथा स्थानीयको सहभागिता छ । होमस्टे प्रबर्द्धन, गुणस्तर वृद्धि तथा रैथानी बाली प्रबर्द्धन गर्दै स्थानीयको सीप तथा आयश्रोत वृद्धि गर्ने तालिमको मुख्य उद्देश्य रहेको छ । तालिममा रैथानेबाली फापर, उवा, जौ, गहु, मकै, बोडी, सिमी लगायतका खाद्यबालीका परिकार बनाउन सिकाईने छ। यसैगरी च्याङ्रा, याक, लोकल कुखुराको मासुजन्य परिकारहरु बनाउने तालिम पनि प्रदान गरिने भएको छ। विश्वकै पहिलो र पुरानो दावी गरिएको लोघेकर गुम्बा (घर गुम्बा) ऐतिहासिक गुम्बाको रुपमा परिचित छ । धार्मिक तथा सांस्कृतिक सम्पदा र प्राकृतिक सौन्दर्यताले भरिएको मुस्ताङको मराङ गाउँ पयटनको प्रचूर सम्भावना रहेको छ । तर, त्यहाँको आवश्यक प्रचार/प्रसार नहुँदा मुस्ताङको मराङ गाउँ ओझेलमा परेको छ । राष्ट्रिय गौरवको जोमसोम–कोरला सडकमार्ग नजिकै रहेको मराङ गाउँ चराङदेखि ५ किमी पश्चिममा पर्छ । भिरालो सतहमा अवस्थित मराङ गाउँका अधिकांश स्थानीय कृषि र पशुपालनमा आत्मनिर्भर छन् ।

उनीहरुलाई पर्यटनसँग जोड्ने गरी एक्याप लोमान्थाङले होमस्टे सञ्चालनदेखि आवश्यक कार्यहरुमा प्राविधिक सहयोग गर्दै आइरहेको छ ।

पद्मश्री बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा-९, न्यरोड, कास्की

१९ औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

यस **पदमश्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को मिति २०८३/०६/२१ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको १९ **औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा** तपसीलका विषयहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएकाले सम्पूर्ण शेयर सदस्यज्यूहरुमा गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

छलफलका विषयहरु :

१. संचालक समितिको तर्फबाट अध्यक्षद्धारा आ.व. २०८२/०८३ को प्रतिवेदन प्रस्तुत, छलफल र पारित गर्ने ।
२. संचालक समितिको तर्फबाट सचिवद्धारा आ.व. २०८२/०८३ को प्रतिवेदन प्रस्तुत, छलफल र पारित गर्ने ।
३. लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजकद्धारा आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
४. आ.व. २०८२/०८३ को कोषाध्यक्ष तथा लेखापरिक्षकको प्रतिवेदन प्रस्तुत र अनुमोदन गर्ने ।
५. कोषाध्यक्षको तर्फबाट आ.व. २०८३/०८४ को वार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने ।
६. आ.व. २०८३/०८४ का लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।
७. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नाम चयन गर्ने ।
८. विविध ।

तपसील :

मिति : २०८३ कार्तिक २८ गते, शनिबार
समय : बिहान ११ : ३० बजे
स्थान : सिल्भरप्लेट पार्टि प्यालेस, पोखरा-९, बास्तोलाथर ।
सम्पर्क नं. : ०६१-५७४९९६

देबेन्द्र कुमार पालिखे
सचिव

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

सम्पादकीय

विवादित न्यायाधीश बारे छानबिन थाल

न्यायपालिकासम्बन्धी समसामयिक विषयमा निर्णय लिन बसेको नेपाल बार एसोसिएसनको छलफलले विवादमा मुछिएका न्यायाधीशबारे निष्कर्षमा पुग्न पूर्वअध्यक्ष चण्डेश्वर श्रेष्ठको नेतृत्वमा समिति गठन गरेको छ। बारका सल्लाहकार एवम् पूर्वपदाधिकारीसहितको छलफलबाट छानबिन गर्ने निष्कर्ष निकालिएको छ। "तथ्य संकलन र समग्र न्याय क्षेत्रको उन्नयन"का लागि भन्दै सुझावको लागि समिति गठन गरिएको छ। बार महासचिव वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइरालाका अनुसार, सुझावका लागि एक महिनाको समयसीमा तोकिएको छ।

श्रेष्ठ संयोजकत्वको समितिमा वरिष्ठ अधिवक्ताहरू पूर्णमान शाक्य, उषा मल्ल पाठक, सुरेन्द्रकुमार महतो, चन्द्रप्रसाद काफ्ले र सदस्य सचिवमा बारका केन्द्रीय सदस्य बाबुराम अर्याल रहने छन् । बारले विगतदेखि उठाउँदै आएको न्यायिक सुधार, भ्रष्टाचारविहीन प्रणालीको विकास, सुशासनको प्रत्याभूति एवम् विगतमा लेखिएका सम्पूर्ण प्रतिवेदन कार्यान्वयन गर्न समेत माग गरेको छ। भ्रष्टाचारजन्य कार्यको सदैव विरोध गरिने प्रतिबद्धता समेत बारले व्यक्त गरेको छ। "निष्पक्ष अनुसन्धान र जुनसुकै ओहदा र दर्जाको वर्तमान र भूतपूर्व पदाधिकारीलाई अनुसन्धानको दायरामा ल्याइनु पर्दछ। यसो गर्दा दोषी देखिए तत्काल मुद्दा चलाइनु पर्दछ," बैठकपछि बार महासचिव कोइरालाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । बारको निर्णय तत्काल राज्यको ध्यानाकर्षण हुनुपर्ने विषय हो। बारले सत्ताको कार्यकारी छायाँ न्यायपालिकामा पार्ने प्रयत्न क्रमशः हुँदै गएको महसुस गरेको छ। "न्यापालिकाको स्वतन्त्र अस्तित्व गम्भीर संकटमा परेको अनुभूति समेत बैठकले गरेको छ।

न्यायपालिकाको स्वतन्त्रता रक्षाको लागि नेपाल बार एशोसिएशन दृढतापूर्वक लागी पर्नेछाविगतमा पनि न्यायालय सुधारका लागि बारले कठोर कदम उठाएको थियो ।बेञ्च बहिष्कार देखि अदालत परिसरमा धर्ना, कालोपट्टी बाँध्ने काम भएका हुना।बारको आन्दोलनको दबाबमा प्रधानन्यायाधीश चोलेन्द्र संशेर जबराद विरुद्ध महाअभियोग दर्ता भएको थियो । संविधान र न्याय परिषद् ऐनमा प्रस्ट व्यवस्था नभए पनि विवादास्पद सर्वोच्चका न्यायाधीशका विषयमा न्याय परिषद्ले छानबिन गरी महाभियोग लगाउनका निम्ति प्रतिनिधिसभा/महाभियोग सिफारिस समितिसमक्ष सिफारिस वा सूचना पठाइएको न्यायिक अभ्यास छ । सर्वोच्चका तत्कालीन न्यायाधीश रणबहादुर बम (हाल दिवंगत)विरुद्ध त्यति बेलाका प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठ नेतृत्वको न्याय परिषद्ले छानबिन गरी महाभियोग लगाउन व्यवस्थापिका संसद्मा प्रतिवेदनसहित सिफारिस गरेको थियो । सर्वोच्चका न्यायाधीशलाई कारबाहीका निम्ति संवैधानिक र कानुनी 'ग्पाप' रहेको अवस्थामा त्यति बेला परिषद्बाट छानबिन गरी महाभियोगको प्रक्रिया अघि बढाउन संसद्लाई औपचारिक आग्रह गरिएको थियो ।

विवादास्पद सर्वोच्चका न्यायाधीशका विषयमा न्याय परिषद्ले छानबिन गरी महाभियोग लगाउनका निम्ति प्रतिनिधिसभा/महाभियोग सिफारिस समितिसमक्ष सिफारिस वा सूचना पठाइएको न्यायिक अभ्यास छ । सर्वोच्चको फुलकोट्को बैठकले गरेको निर्णयका आधारमा न्याय परिषदले छानबिन गरेर प्रतिनिधिसभामा प्रतिवेदन पठाएर न्यायालयको शाख जोगाउन ढिला गर्नु हुँदैन ।

सर्वोच्चता र कानुनको शासनप्रति गम्भीर हुन फूलकोर्टको आग्रह

रासस
काठमाडौं, १६ कार्तिक

सर्वोच्च अदालतले संविधानको सर्वोच्चता र कानुनको शासनप्रति गम्भीर हुन सबैमा आग्रह गरेको छ।

प्रधानन्यायाधीश डा मनोजकुमार शर्मासहितका न्यायाधीश सम्मिलित 'फूलकोर्ट' बैठकले संविधान र कानुनको सर्वोच्चता आफूहरुको अटल आस्था र प्रतिबद्दता रहेको स्पष्ट गरेको छ।

"संविधान र कानुनको सर्वोच्चता हाम्रो अटल आस्था र प्रतिबद्धता हो" सर्वोच्च अदालतका प्रवक्ता डा अशोककुमार क्षेत्रीले बैठकपछि जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, "यसमा हामी अडिग र स्पष्ट छौं, संविधानको सर्वोच्चता र कानुनको शासनप्रति गम्भीर हुन सबैमा आग्रह गर्दछौं ।"

बैठकले सार्वजनिक रुपमा प्रकाशित र प्रसारित विषयका सम्बन्धमा विना पूर्वाग्रह निष्पक्ष एवं स्वतन्त्र ढङ्गबाट संविधान र कानुन बमोजिम छानबिन गरी सत्य, तथ्यसहितको निष्कर्ष यथाशीघ्र सार्वजनिक गर्न सम्बद्ध निकायलाई आग्रह गरेको छ । विज्ञप्तिमा भनिएको छ, "सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भइरहेका समाचारका सम्बन्धमा संविधान र कानुन बमोजिम हुने छानबिन र अनुसन्धानमा कानुन बमोजिम निर्वाह गर्नुपर्ने जवाफदेहीता एवं सहयोग गर्नेमा हामी प्रतिबद्ध छौं ।"

बैठकले न्यायपालिका जनताको आस्था र विश्वासमा अडिने संस्था भएकाले उक्त संस्थासँग सम्बन्धित समाचार प्रकाशन गरिँदा आमजनता एवं सेवाग्राहीमा भ्रम र नकारात्मक असर नपरोस् भनी छानबिनको निष्कर्ष प्राप्त नहुँदै कसैलाई लाञ्छित गर्ने वा न्याय सम्पादनको कार्यमा अवरोध पुग्ने गरी कुनै पनि समाचार प्रकाशन तथा प्रसारण नगर्नसमेत आग्रह गरेको छ।

प्रकाशित र प्रसारित समाचारबाट विचलित नभई सदा झै न्यायिक कार्यमा क्रियाशील रहन सबै अदालतमा कार्यरत सम्पूर्ण न्यायकर्मीलाई उक्त पूर्ण बैठकले आग्रह गरेको छ । केही दिनअघि प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नाम जोडेर विभिन्न सञ्चारमाध्यममा प्रकाशित तथा प्रसारित समाचारप्रति पूर्ण बैठकको ध्यानाकर्षण भएको जनाउँदै उक्त अदालतले आफ्नो धारणा लिखित रुपमा सार्वजनिक गरेको हो ।

लेखनाथमा जिल्लास्तरीय कराँते र मुआथाई प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक



छैटौं लेखनाथ कप तथा ११औं कास्की जिल्ला स्तरीय फुल कन्ट्याक्ट कराते र मुआथाई प्रतियोगिता पोखरा महानगरपालिका-३०, पावरहाउसमा सम्पन्न भएको छ। प्रतियोगितामा कास्की जिल्लाका विभिन्न डोजोका खेलाडीहरूले विभिन्न तौल समूहमा प्रतिस्पर्धा गरेका थिए।

प्रतियोगिताको समापन समारोहमा पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपकबहादुर गोदार, ब्रान्च चिफ लक्ष्मण कुँवर, लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुली अधिकारी तथा पूर्व भलिबल खेलाडी बलबहादुर श्रेष्ठलगायतले विजेता खेलाडीहरूलाई पुरस्कार वितरण गरेका थिए । धनबहादुर तामाङ, ओमराज पुन र सुनिल थापा निर्णायक रहेको प्रतियोगिता अन्तर्गत फुल कन्ट्याक्ट कराते, प्रोफेसनल फाइट तथा मुआथाई विधामा खेलाडीहरूले प्रतिस्पर्धा गरेका थिए।

फुल कन्ट्याक्ट कराते को २५ केजी तौल समूहमा यमन घर्ती मगर (लामगादी) प्रथम, निश्चल अधिकारी (लेखनाथ भण्डारढिक) द्वितीय तथा शुभम कुमाल (रिठेपानी) र रिजन् बस्नेत (बागमारा) तृतीय भए।३० केजी तौल समूहमा अविनाश सुनार (बागमारा) प्रथम, आवास नेपाली (बागमारा) द्वितीय तथा सागर ढकाल (बागमारा) र विवेक नेपाली(लामगादी) तृतीय भए।३५ केजी तौल समूहमा किर्तन सिंह कुम्भकर (लेखनाथ भण्डारढिक) प्रथम, सुजल कुमाल (रिठेपानी) द्वितीय तथा सुयश सुनार (बागमारा) र आयन नेपाली (लेखनाथ भण्डारढिक) तृतीय भए।४० केजी तौल समूहमा बुद्ध गुरुङ (लामगादी) प्रथम, साहिल घोताने (बागमारा) द्वितीय तथा साजल परियार (टुटुङ्गा) र प्रनव अधिकारी (बागमारा) तृतीय भए।४५ केजी तौल समूहमा सन्दीप मगर (लेखनाथ पावरहाउस) प्रथम, दिपशिन गुरुङ (बागमारा) द्वितीय तथा आयुष नेपाली (लेखनाथ भण्डारढिक) र प्रवेश श्रेष्ठ (लेखनाथ पावरहाउस) तृतीय भए।५० केजी तौल समूहमा साइमन थापा (बागमारा) प्रथम, सविन सुनार (बागमारा) द्वितीय तथा शुलभ भिाका (लेखनाथ भण्डारढिक) र सोहन ठेडी (पी।एना) तृतीय भए।५५ केजी तौल समूहमा कृश नेपाली (बागमारा) प्रथम, निशान रोका (लेखनाथ पावरहाउस) द्वितीय तथा सुरज प्रजा (लेखनाथ भण्डारढिक) र कृश नेपाली बि। (बागमारा) तृतीय भए ।

फुल कन्ट्याक्ट कराते कै महिला २५ केजी तौल समूहमा जिया थापा (बागमारा) प्रथम, सृष्टि गुरुङ (पी।एना) द्वितीय तथा अभिरनी कोइराला (टुटुङ्गा) र दीक्षा अधिकारी (लामगादी) तृतीय भए।३० केजी तौल समूहमा अनुक्का गुरुङ (लेखनाथ पावरहाउस) प्रथम, सिम्रन पुन (लेखनाथ भण्डारढिक) द्वितीय तथा एरिस्ता गायक (रिठेपानी) र प्रेक्षा श्रेष्ठ (पी।एना) तृतीय भए।३५ केजी तौल समूहमा सुप्रिया थापा मगर (बागमारा) प्रथम, प्रकृति तिवारी (कालिका) द्वितीय तथा आसिमा चौधरी (लेखनाथ भण्डारढिक) र साङ्क्षु तामाङ (लेखनाथ पावरहाउस) तृतीय भए । ४० केजीमा आकाङ्क्षा नेपाली (बागमारा) प्रथम, हुमि बुढा मगर (पोखरा रंगशाला) द्वितीय तथा आयुषा थापा मगर (बागमारा) र आहाना गुरुङ (लेखनाथ पावरहाउस) तृतीय भए।४५ केजी तौल समूहमा रिया लामा (बागमारा) प्रथम, साधवी पौडेल (बागमारा) द्वितीय तथा तृप्ति चापागाईं र रोजिना सुनार (बागमारा) तृतीय भए।५० केजी तौल समूहमा करुणा गुरुङ (लेखनाथ पावरहाउस) प्रथम, अन्शु अधिकारी (लेखनाथ पावरहाउस) द्वितीय तथा क्रिस्टिना गुरुङ (लेखनाथ पावरहाउस) र बर्तिसा सलामी (बागमारा) तृतीय भए।५५ केजी तौल समूहमा निशा थापा मगर (बागमारा) प्रथम, प्रिदस्मा नेपाली (लेखनाथ पावरहाउस) द्वितीय तथा आयुषी सुनार (लेखनाथ पावरहाउस) र आरोही सुनार (लेखनाथ भण्डारढिक) तृतीय भए ।

यसैगरी प्रोफेसनल फाइटतर्फ महिला ५४ केजीमा समृद्धि तिमिल्सिना (लेखनाथ पावरहाउस) प्रथम र सुप्रिया लामा (लेखनाथ भण्डारढिक) द्वितीय भए।पुरुष ५६ केजीमा बसन्त बिका र कुशल नेपाली दुवै लेखनाथ भण्डारढिकका खेलाडी क्रमशः प्रथम र द्वितीय भए।पुरुष ५४ केजीमा रिजन थापा मगर (बागमारा) प्रथम र ओमराज गुरुङ (लेखनाथ पावरहाउस) द्वितीय भए।पुरुष ५७ केजीमा सावन नेपाली (लेखनाथ पावरहाउस) प्रथम र विवेक चौधरी (पी।एना) द्वितीय भएका थिए ।

मुआथाईतर्फ पुरुष ५१ केजीमा सुजल गुरुङ प्रथम र किस्मत सुनार द्वितीय भए । दुवै खेलाडी लेखनाथ डोजो मुआथाईका हुन् । पुरुष ५७ केजीमा सौरभ थापा प्रथम र प्रविण गुरुङ द्वितीय भए। उनीहरू पनि लेखनाथ डोजो मुआथाईका खेलाडी हुन् । प्रतियोगितामा सार्वजनिक गरिएको पदक तालिकाअनुसार बागमारा डोजोले ७ स्वर्ण, ५ रजत र १० कांस्य गरी कुल २२ पदक जित्दै पहिलो स्थान हासिल गरेको छ। लेखनाथ पावरहाउस डोजोले ४ स्वर्ण, ३ रजत र ४ कांस्य गरी ११ पदकसहित दोस्रो स्थान प्राप्त गरेको छ । त्यस्तै, लेखनाथ रंगशाला डोजोले १ स्वर्ण, २ रजत र ६ कांस्य गरी ९ पदकसहित तेस्रो स्थान हासिल गरेको छ ।

पदक तालिकाअनुसार लामगादी डोजोले २ स्वर्ण र २ कांस्य गरी ४ पदक, पी।एना।ले १ रजत र २ कांस्य गरी ३ पदक, रिठेपानीले १ रजत र २ कांस्य गरी ३ पदक, टुटुङ्गाले २ कांस्य र कालिकाले १ रजत पदक प्राप्त गरेका छन्। पोखरा रंगशालाले १ रजत पदक जितेको छ । समग्रमा प्रतियोगितामा १४ स्वर्ण, १४ रजत र २८ कांस्य गरी कुल ५६ पदक वितरण गरिएको थियो ।प्रोफेसनल फाइटका विजेतालाई नगद रु। १० हजार र उपविजेतालाई रु। ५ हजार प्रदान गरिएको थियो। अन्य विजेता खेलाडीहरूलाई मेडल, प्रमाणपत्र तथा ट्रफी प्रदान गरिएको कार्यक्रम संयोजक विनोद नेगीले जानकारी दिए ।

कार्यक्रम डोजो प्रमुख सुवास खड्काको अध्यक्षतामा सम्पन्न भएको थियो भने सञ्चालन महानगर खेलकुद विकास समितिका सदस्य सचिव सुरज अधिकारीले गरेका थिए । प्रतियोगिताले स्थानीय खेल प्रतिभाको पहिचान, खेलाडीहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा लेखनाथ र कास्की जिल् लामा फुल कन्ट्याक्ट कराते र मुआथाई खेलको विकासमा योगदान पुर्याउने अपेक्षा गरिएको वक्ताहरुको धारणा रहेको थियो ।

एनपिएल क्रिकेट: कर्णालीमाथि काठमाडौंको जित

रासस
काठमाडौं, १६ कार्तिक

नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटमा काठमाडौं गोर्खाजले कर्णाली याक्सलाई हराउँदै प्रतियोगितामा पहिलो जित दर्ता गराएको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यायल अन्तरराष्ट्रिय क्रिकेट मैदानमा आज भएको पहिलो खेलमा काठमाडौंले कर्णाली याक्सलाई चार विकेटले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको हो । काठमाडौं पहिलो खेलमा जनकपुर बोल्ट्ससँग आठ विकेटले पराजित भएको थियो ।

यता कर्णालीको भने लगातार दोस्रो जित पछिको यो पहिलो हार हो । कर्णालीले पहिलो खेलमा जनकपुर बोल्ट्सलाई १९ रनले हराएको थियो भने दोस्रो खेलमा विराटनगर किङ्ग्समाथि चार विकेटको जित निकालेको थियो ।

सोमबार कर्णाली याक्सले जितका लागि दिएको १८१ रनको लक्ष्य पच्छाएको काठमाडौंले १९ दशमलव चार ओभरमा छ विकेट गुमाउँदै पूरा गऱ्यो । काठमाडौंका लागि राशिद खानले उत्कृष्ट ब्याटिङ गर्दै ३३ बलमा सर्वाधिक ५० रन बनाए । उनले तीन चौका र दुई छक्का प्रहार गरे । त्यसैगरी कप्तान करण केसीले पनि आक्रामक ब्याटिङ गर्दै २० बलमा ४४ रन जोडे । उनले चार चौका र तीन छक्का प्रहार गरे । जाहन्दाद खानले अविजित २२ रन बनाए भने मोहम्मद आदिल आलमले २० रनको योगदान दिए ।

यता बलिङतर्फ कर्णालीका सोमपाल कामी र हुसेन तलातले समान दुई/दुई विकेट लिए भने मार्क वाट र नन्दन यादवले समान एक/एक विकेट हात पारे । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कर्णालीले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १८० रनको योगफल बनाएको थियो । कर्णालीका लागि अरिफूल इस्लामले आक्रामक ब्याटिङ गर्दै सर्वाधिक ४४ रन बनाए । उनले २२ बलमा पाँच चौका र तीन छक्का प्रहार गरे ।

त्यस्तै हुसेन तलातले ३० बलमा ४० रन जोड्दा पवन सर्राफले अविजित ३० रन बनाए । गुल्शन झाले २० तथा मार्क वाटले १७ रनको योगदान दिए । काठमाडौंका लागि करण केसीले दुई विकेट लिए भने शाहब आलम, जाहन्दाद खान, देव शाह र सन्तोष यादवले समान एक/एक विकेट हात पारे । सोही स्थानमा आजै हुने दोस्रो खेलमा सुदूरपश्चिम रोयल्स र चितवन राइनोजबीच प्रतिस्पर्धा हुँदैछ ।

दुलेगौंडा-हर्कपुर सडकको नयाँ ठेक्का लगाउन माग

पोखरापत्र संवाददाता
दमौली, १६ कार्तिक

तनहुँको शुक्लागण्डकी नगरपालिकाको महत्वपूर्ण दुलेगौंडा-हर्कपुर मोटरमार्गको निर्माण लामो समयदेखि अलपत्र परेपछि पुरानो ठेक्का सम्झौता अन्त्य गरी नयाँ ठेक्कामार्फत निर्माण सम्पन्न गर्न माग गरिएको छ।

दुलेगौंडा-हर्कपुर मोटरमार्ग सङ्घर्ष समितिका संयोजक राजन रिमालले पूर्वाधार विकासमन्त्री सुनिल लम्साललाई पत्र लेख्दै सडक निर्माणमा भएको ढिलाइबारे तत्काल छानबिन गरी आवश्यक कदम चाल्न माग गर्नुभएको हो।

रिमालका अनुसार उक्त सडकको ट्याक विसं २०५२ सालमा खोलिएको थियो भने निर्माणका लागि विसं २०७४ मा ठेक्का सम्झौता भएको थियो । तर, ठेक्का लागेको करिब नौ वर्ष बितिसक्दा पनि सडक निर्माण सम्पन्न हुन नसकेको भन्दै उहाँले असन्तुष्टि जनाउनुभएको छ।

गण्डकी प्रदेश सरकारबाट बजेट विनियोजन भई ठेक्का प्रक्रियासमेत अघि बढेको आयोजनाको निर्माणमा भएको ढिलाइले स्थानीय बासिन्दा, कृषक, व्यवसायी, विद्यार्थी तथा सर्वसाधारणले आवागमनमा समस्या भोग्नुपरेको रिमालले बताउनुभयो । सडक निर्माणमा ढिलाइ हुँदा कृषि उपजको ढुवानी, व्यापार व्यवसाय, पर्यटन तथा समग्र क्षेत्रको आर्थिक र सामाजिक विकासमा समेत असर परेको उहाँको भनाइ छ।

उहाँले निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता र हालसम्मको कार्यप्रगतिको निष्पक्ष छानबिन गर्न माग गर्दै सम्झौताअनुसार काम नभएको पुष्टि भएमा प्रचलित सार्वजनिक खरिद कानुन तथा सम्झौताका सर्तअनुसार ठेक्का अन्त्य गरी बाँकी कामका लागि तत्काल नयाँ ठेक्का आह्वान गर्नुपर्ने उल्लेख गर्नुभयो।

शुक्लागण्डकी नगरपालिका, म्याग्दे गाउँपालिका हुँदै व्यास नगरपालिकासँग जोडिने उक्त खण्डको दूरी २३ किलोमिटर छ। पहिलो चरणमा दश किलोमिटर सडक कालोपत्रका लागि ठेक्का सम्झौता भएको थियो।

दुलेगौंडा-हर्कपुर मोटरमार्गको शुक्लागण्डकी नगरपालिका-३ वन्केवाको टारदेखि म्याग्दे गाउँपालिका-६ हर्कपुर खण्ड कालोपत्रका लागि शङ्करमाली निर्माण सेवा प्रालि काठमाडौंले ठेक्का लिएको थियो । स्थानीय देउबहादुर श्रेष्ठले यस क्षेत्रकै सबैभन्दा पुरानो सडक समयमै सम्पन्न नहुँदा स्थानीय र यात्रुले समस्या भोग्दै आएका बताउनुभयो।

तपाईको आज

मेष	: अप्रत्यसित लाभ	तुला	: झमेला बढ्ने
वृष	: शारीरिक झमेला	वृश्चिक	: स्वास्थ्यमा सुधार
मिथुन	: सत्कार मिल्नेछ	धनु	: शुभ यात्रा
ककर्ट	: मानसिक तनाब	मकर	: आर्थिक समस्या
सिंह	: सहयोग मिल्नेछ	कुम्भ	: शत्रुको भय
कन्या	: ब्यापारमा लाभ	मीन	: कार्यमा सफलता

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

विपद् प्रभावित जलजलामा क्षतिको विवरण सङ्कलन र मूल्याङ्कन अन्तिम चरणमा

रासस
म्याग्दी, १६ कार्तिक

मनसुनजन्य विपद्बाट प्रभावित बनेको म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकामा क्षतिको विवरण सङ्कलन र मूल्याङ्कन कार्य अन्तिम चरणमा पुगेको छ।

गत असोज ८ देखि ११ गतेसम्मको झरीपछि कालीगण्डकी नदीमा आएको बाढी र पहिरोका कारण क्षति पुगेका निजी आवासको पुनर्निर्माण, प्रबलीकरण र पुनःस्थापनाको प्रयोजनका लागि जनप्रतिनिधि र प्राविधिकहरूको संयुक्त टोलीले विवरण सङ्कलन र मूल्याङ्कनको काम अन्तिम चरणमा पुर्‍याएका हुन्। जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यका अनुसार १, २, ३, ४, ५, ६ र ९ नम्बर वडामा स्थलगत निरीक्षण गरी विवरण सङ्कलन, क्षतिको मूल्याङ्कन गरी निस्सा वितरण सकिएको छ । "धेरै क्षति भएको वडा नं ७ धाइरिङ र नाग्लीवाडमा पनि एकदुई दिनमै क्षतिको मूल्याङ्कनसँगै निस्सा वितरणको काम सकिन्छ", उहाँले भन्नुभयो, "विपद् प्रभावितलाई राहतको काम सकेर अस्थायी आवास व्यवस्थापन र



पुनर्निर्माणको चरणमा प्रवेश गरेका छौं ।" विपद्बाट पुगेको निजी आवासको क्षति तथा नोक्सानीको प्रारम्भिक लेखाजोखा तयार, सूचना प्रणालीमा प्रबिष्ट गर्ने, लगत सङ्कलन सम्पन्नताको निस्सा दिने, लाभग्राहीको पहिचान गरी सूचीसहितको विवरण जिल्लामा पठाउने र क्षतिको स्तरअनुसार प्रबलीकरण, पुनर्निर्माण तथा पुनस्थापना छुट्याएर लाभग्राही कायम गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गरिने उपाध्यक्ष आचार्यले बताउनुभयो । जलजलामा बाढीपहिरोका कारण ३१६ घरमा क्षति पुगेको छ। यस्तै, १२६ घर पूर्ण र ५० घरमा आंशिक क्षति पुगुका साथै १४० घर जोखिममा रहेका प्रारम्भिक विवरण सङ्कलन भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्दीप लामिछानेले बताउनुभयो।

बाढीपहिरोले निजी आवाससँगै कोदो, धानलगायत खाद्यबाली र सुन्तलाखेती भएको खेतीयोग्य जमिन, सडक, खानेपानी, सिँचाइ, बस्ती संरक्षणका लागि निर्माण भएका पूर्वाधारमा अकल्पनीय क्षति भएको छ । सबैभन्दा बढी कालीगण्डकीको जलजला गाउँपालिका-८ फर्सेमा ७५ घर बगाएको र २७ घर जोखिममा छन्। बाढी प्रभावितमध्ये अन्यत्र घर नभएका र आफैं व्यवस्थापन गर्न नसकेकालाई अस्थायी शिविर बनाएर राखिएको छ । फर्सेसँगै वडा नं ७ का ताङवाङ र खानीगाउँ पनि प्रभावित भएका छन्। वडा नं ४ को लामाखेतमा पनि कालीगण्डकीको बाढी पसेर क्षति पुगेको छ। पहिरोका कारण ताङवाङ र खानीगाउँका ३५ परिवार विस्थापित भएका छन् । प्रभावित क्षेत्रमा आधार भूत राहत सामग्रीको व्यवस्था र अल्पकालीन तथा दीर्घकालीन पुनःस्थापनाको कार्ययोजना अघि बढाएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो । "तत्कालका लागि जस्तापाता, भाँडाकुँडा, लत्ताकपडा र खाद्यान्न उपलब्ध गराएर अस्थायी टहरा बनाई बसोबासको व्यवस्था मिलाउने योजना छ", उहाँले भन्नुभयो, "दीर्घकालीन रूपमा सरकारको नीतिअनुसार निजी आवास र क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण गर्नेछौं ।"

उहाँका अनुसार निजी आवाससँगै क्षतिग्रस्त सडक, खानेपानी, सिँचाइ र विद्यालय भवन पुनर्निर्माण तथा जोखिममा रहेका बस्तीको संरक्षण गर्नुपर्नेछ। बाढीपहिरो नियन्त्रणका लागि आवश्यक आर्थिक स्रोत जुटाउन सङ्घीय तथा प्रदेश सरकार र दातृ निकायसँग समन्वय भइरहेको उहाँले बताउनुभयो।



मुक्तिनाथ बसपार्क र हिमशृखलाः प्रसिद्ध धार्मिक तीर्थस्थल मुक्तिनाथस्थित पुराङ रानीपौवा बसपार्क र पृष्ठभूमिमा हिमशृखला। तस्बिरः सुन्दरकुमार थकाली/रासस

पाउद्वार-खोप्रा पदमार्ग श्रमदानबाट मर्मत

पोखरापत्र संवाददाता
म्याग्दी, १६ कार्तिक

गत असोज महिनाको भीषण वर्षापछि पहिरोले अवरुद्ध बनेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ पाउद्वार गाउँदेखि खोप्रा (खोपारा) जोड्ने पदमार्ग सञ्चालनमा ल्याइएको छ।

पाउद्वारका बासिन्दाले श्रमदान गरेर पाउद्वार-खोप्रा-खयर पदमार्गको पाउद्वार-हिलडाँडा- लरेनी खण्डको मर्मत गरी सञ्चालनमा ल्याएका हुन् । पाउद्वार पर्यटन सहकारी संस्थाका सचिव हरि तिलिजा पुनले पदमार्ग मर्मत गरी सहज रूपमा आवतजावतको व्यवस्था मिलाइएको जानकारी दिनुभयो।

"श्रमदान गरेर पहिरो पन्छाउने र नयाँ मार्ग बनाएर पदमार्ग सञ्चालन गरिएको हो," उहाँले भन्नुभयो, "दुई सय घरपरिवार रहेको पाउद्वारका बासिन्दा पहिरोले क्षति पुऱ्याएको पदमार्ग, विद्युत् र खानेपानी योजना मर्मतका लागि एक महिनादेखि श्रमदान अभियानमा छौं ।" पाउद्वारका बासिन्दा प्रभा तिलिजा पुनले दैनिक ५० जनाका दरले पाँच दिनसम्म श्रमदान गरेर पदमार्ग खुलाइएको बताउनुभयो । पाउद्वार-खोप्रा पदमार्ग सञ्चालन भएपछि पर्यटकका साथै स्थानीयवासीलाई घाँसदाउरा र गोठ जान आउन सहज भएको बताउनुभयो । अन्नपूर्ण चक्रीय पदमार्गमा समेटिएको तीन हजार ५६० मिटर उचाइमा अवस्थित खोप्रा नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ । बस्तीदेखि टाढा र एकान्त वातावरणमा रहेको खोप्रा सूर्योदय, हिमशृङ्खला, पहाडी भूगोल र पशुगोठको अवलोकनका लागि उपयुक्त छ । अर्नब चक्रवातका कारण पछिल्लो एक/दुई दिनयता पर्यटक आगमन प्रभावित भए पनि खोप्रामा पर्यटक आगमन पुरानै लयमा फर्किएका खोप्रा सामुदायिक लजका कर्मचारी आदेश तिलिजा पुनले बताउनुभयो । खोप्रामा पाउद्वार पर्यटन सहकारी संस्थाले सामुदायिक लज सञ्चालन गरेको छ।

घोडेपानी, कास्कीको घान्द्रुक, बयली, ढाडखर्क, नारच्याङ लेकगाउँ हुँदै खोप्रा लेक पुग्ने पर्यटकहरू समुन्द्री सतहदेखि चार हजार छ सय मिटर उचाइमा रहेको खयरतालको भ्रमण गरी लरेनी पाउद्वार हुँदै अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरमा जाने गर्दछन्। पहिरोले सडक अवरुद्ध बनाएको र गाउँ वरपर घेरिए पनि खोप्रालगायत पर्यटकीय स्थलहरू सुरक्षित भएकाले सहज रूपमा भ्रमण गर्न सकिने हिलडाँडाका होटल व्यवसायी जसे पुनले बताउनुभयो । असोज-कात्तिक र चैत-वैशाख खोप्रा-खयर पदमार्गको मुख्य याम हो।

प्रहरीलाई भाडाको कोठामा बस्नुपर्ने बाध्यताको अन्त्य

रासस
बागलुङ, १६ कार्तिक

जस्तालले छाएका टहरा, ३० वर्ष पुरानो साँघुरो भवन र भाडाका कोठामा प्रहरीको आवास । जिल्ला सदरमुकाममा रहेको जिल्ला प्रहरी कार्यालय बागलुङको अवस्था कुनै दुर्गम गाउँको प्रहरीचौकीभन्दा फरक थिएन।

जग्गा भएर पनि पर्याप्त भवन नहुँदा प्रशासनिक कामदेखि प्रहरी आवास र हिरासत कक्षसम्म एउटै पुरानो भवनबाट सञ्चालन गर्नुपर्ने बाध्यता थियो। प्रहरी परिसरभित्र एकैपटक चारवटा नयाँ भवन निर्माण भएपछि प्रहरीको वर्षौंदेखिको भौतिक पूर्वाधारसम्बन्धी समस्या समाधान भएको छ । नयाँ भवन निर्माणसँगै प्रहरीलाई आवासको व्यवस्था भएको छ भने व्यारेक, हिरासत कक्ष र कार्यालय प्रमुखको निवास उपलब्ध भएको छ । यसअघि भाडाको कोठामा बस्दै आएका प्रहरी अब कार्यालय परिसरभित्रै बस्न थालेका छन् । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक फडिन्द्र प्रसाईंका अनुसार पुरानो भवनबाट प्रशासनिक काम, हिरासतकक्ष र हातहतियार भण्डारणसमेत गर्नुपर्ने अवस्था थियो। प्रहरी आवासका लागि पर्याप्त ठाउँ नहुँदा केही



प्रहरी भाडाको कोठामा बस्नुपर्ने बाध्यता थियो।

"जिल्ला सदरमुकामकै प्रहरी कार्यालयका प्रहरी भाडाको कोठामा बस्नुपर्ने अवस्था थियो, एउटै भवनबाट प्रशासनिक कामदेखि हिरासतकक्ष र हातहतियार भण्डारणसम्मको काम गर्नुपर्ने बाध्यता थियो", उहाँले भन्नुभयो, "अहिले व्यारेक, हिरासतकक्ष, प्रहरी आवास र कार्यालय प्रमुखको निवास गरी चारवटा सुविधासम्पन्न भवन निर्माण भएका छन्।"

सङ्घीय सरकारको प्रहरी पूर्वाधार निर्माण कार्यक्रमअन्तर्गत रु नौ करोड ७१ लाख ९३ हजार ५०० लागतमा प्रहरी परिसरमा ब्यारेक, हिरासतकक्ष, वरिष्ठ प्रहरी अधिकृतको आवास, कार्यालय प्रमुखको निवास, मोटर ग्यारेज, पर्खाल र प्रवेशद्वार निर्माण गरिएको छ । पुरानो कार्यालय भवनको मर्मतसम्भार र सौन्दर्यकरण गरिएको छ।

नवनिर्मित व्यारेक भवनको भुइँतलामा मेस, भण्डारकक्ष तथा प्रहरी कर्मचारीका लागि आवासको व्यवस्था गरिएको छ । महिला प्रहरीका लागि छुट्टै सुविधासम्पन्न ब्यारेक निर्माण गरिएको छ । पहिलो र दोस्रो तलासहित आठ हजार ६७१ वर्गफिट क्षेत्रफलमा निर्माण गरिएको उक्त भवनमा १४० जना प्रहरी बस्न सक्ने क्षमता छ।

त्यस्तै, प्रहरी परिसरमा महिला र पुरुषका लागि छुट्टाछुट्टै हिरासतकक्ष निर्माण गरिएको छ। हिरासत भवनमा सुरक्षाकक्ष, भेटघाटकक्ष, नाबालिगका लागि दुईवटा छुट्टै हिरासतकक्ष, अन्तरवार्ताकक्ष र हातहतियार भण्डारणकक्षको व्यवस्था गरिएको छ । शौचालयसहितको हिरासतकक्ष निर्माण भएपछि थुनुवाको व्यवस्थापनमा सहज भएको छ । प्रहरी अधिकृत र कार्यालय प्रमुखका लागि दुईवटा आवासीय भवन निर्माण गरिएका छन्। यसअघि कार्यालय प्रमुखको निवास पुरानो अञ्चल प्रहरी कार्यालयबाट सञ्चालन हुँदै आएको थियो । पर्याप्त कार्यकक्ष र आवासको व्यवस्था भएपछि प्रहरीको दैनिक कार्यसम्पादन, सुरक्षा व्यवस्थापन र सेवा प्रवाहमा सहजता थपिएको प्रहरीको भनाइ छ । सुरक्षित र सुविधासम्पन्न वातावरणमा बस्न पाउँदा प्रहरी कर्मचारीको मनोबल बढ्ने अपेक्षा गरिएको छ। जिल्ला सदरमुकामस्थित प्रहरी कार्यालयको भौतिक अवस्था सुधार भए पनि जिल्लाका अन्य प्रहरीचौकीको अवस्था भने अझै कमजोर छ । जिल्लाभरका १५ वटा प्रहरीचौकी भाडाका घरबाट सञ्चालन भइरहेका छन्।

प्रहरी उपरीक्षक प्रसाईंका अनुसार जिल्लाका आठवटा प्रहरीचौकीको आफ्नै जग्गा छैन भने जग्गा भएका सातवटा चौकीमा भवन निर्माण हुनसकेको छैन । जिल्लाको मुख्य प्रवेशद्वार मालढुङ्गास्थित प्रहरीचौकीका भवन अभावमा चार वर्षदेखि घाटको सत्तलमा बसेर सेवा दिइरहेका छन् । उक्त चौकीका लागि भने हाल भवन निर्माणको शिलान्यास गरिएको छ।

म्याग्दीमा मनसुनजन्य विपद्बाट करिब आठ सय घरपरिवार प्रभावित

पोखरापत्र संवाददाता
म्याग्दी, १६ कार्तिक

म्याग्दीमा यस वर्षको मनसुनजन्य विपद्बाट करिब आठ सय घरपरिवार प्रभावित भएका छन्।

७८९ घरपरिवार पूर्ण, आंशिक क्षति भएका र जोखिममा परेर प्रभावित भएका विवरण सङ्कलन भएको हो । जनप्रतिनिधि, प्राविधिक र प्रहरीको टोलीले क्षतिको तथ्याङ्क सङ्कलन गरी मुचुल्का तयार पारेका छन्। विपद् बाट अन्नपूर्णमा पाँच र मालिकामा दुई जनाको मृत्यु भएको प्रहरी नायब उपरीक्षक राजन कार्कीले बताउनुभयो । बेनी नगरपालिका र अन्नपूर्णमा एक/एक जना बेपत्ता छन् । गत साउनमा बेनी नगरपालिका-३ भकिम्लीमा एक जनाको मृत्यु भएको थियो।

प्रनाउ कार्कीका अनुसार जिल्लाभर २४३ घर पूर्ण र १८४ घरको आंशिक क्षति भएको विवरण सङ्कलन भएको छ । ३६२ घर बाढी, पहिरो र कटानका कारण जोखिममा परेका छन्। ३४ गोठ पूर्ण र ४६ वटामा आंशिक क्षति पुगेको छ भने १३ वटा विद्यालयमा आंशिक क्षति पुगेको छ। म्याग्दीका प्रमुख बेनी-जोमसोम, बेनी-दरवाङ, बेनी-बागलुङलगायत सडक, खानेपानी, सिँचाइ, विद्युतीकरण, जलविद्युत् आयोजना, प्रसारण लाइन, नदी नियन्त्रण योजनामा ठूलो क्षति पुगेको छ। कालीगण्डकी र म्याग्दी नदीमा आएको बाढीका कारण तटीय क्षेत्रमा कटान तथा बाढीको जोखिम बढेको छ । क्षतिको विवरण सङ्कलन पूरा हुँदासम्म सङ्ख्या थपिन सक्ने प्रशासनले जनाएको छ । प्रमुख जिल्ला अधिकारी गणेश गैरेले म्याग्दी



उद्धार र राहतपछि अस्थायी बसोबासको व्यवस्थासँगै पुनर्निर्माणको चरणमा अघि बढेको जानकारी दिनुभयो । "मृतक र घरबास गुमाएकाहरूलाई उद्धार र राहत उपलब्ध गराई अस्थायी बसोबासको व्यवस्था मिलाउनेसँगै निजी आवास पुनर्निर्माणलाई तीव्रता दिन र व्यवस्थित बनाउन कार्ययोजना बनाएका छौं," उहाँले भन्नुभयो, "निजी आवास पुनर्निर्माणको काम आगामी २०८३ जेठ दोस्रो हप्ताभित्र सक्ने गरी कार्ययोजना तयार भएको छ।" समयतालिका निर्धारण गरेर तयार पारिएको १२ बुँदे कार्ययोजना कार्यान्वयनका लागि स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको स्पष्ट जिम्मेवारी तोकिएको छ । हिमाली जिल्ला म्याग्दीका विपद् प्रभावितले निजी आवास पुनर्निर्माणका लागि रु पाँच लाख अनुदान पाउने कार्यविधि छ।

सरकारले असोज २१ गते म्याग्दीका बेनी नगरपालिका, अन्नपूर्ण, रघुगङ्गा, मालिका, मङ्गला र धवलागिरि गाउँपालिकालाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ । विपद् प्रतिकार्यका आकस्मिक काम गर्नका लागि पहिलो चरणमा सङ्घीय सरकारले रु ४०/४० लाख अनुदान पठाएको छ । विपद्बाट क्षति पुगेका सार्वजनिक भौतिक संरचनाहरूको पुनर्निर्माणका लागि भने स्थानीय तहको माग र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसका आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत बजेट उपलब्ध गराइने म्याग्दीबाट निर्वाचित प्रतिनिधिसभा सदस्य रहनुभएका विज्ञान, प्रविधी तथा नवप्रर्वतन मन्त्री महावीर पुनले बताउनुभयो।

राहदानी हरायो

मिति २०८३ साउन १५ गते भिमादबाट दमौली तर्फ आउँदै गर्दा मेरो निम्न व्यहोराको राहादानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा सम्पर्क गर्नुहोला ।

नाम : गिनी सरा सारू
ठेगाना : ऋषिङ्ग बडा-८ तनहुँ
पासपोर्ट नं. PA0404519
मो. : ९८४७१८७८३३

बागलुङका किशोरीलाई एचपिभी खोपको लक्ष्य पूरा

पोखरापत्र संवाददाता
बागलुङ, १६ कार्तिक

बागलुङमा चालु आर्थिक वर्षमा किशोलीलाई लगाउने एचपिभी खोपको लक्ष्य पूरा भएको छ । बागलुङका १० स्थानीय तहका दुई हजार १९६ किशोरीलाई खोप लगाउने लक्ष्य रहेकामा ९९ दशमलव ३६ प्रतिशतले खोप पाएका हुन्।

दुई हजार १८२ किशोरीले पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाएका प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार दुई चरणमा लगाइएको खोप अभियानको लक्ष्य पूरा भएको छ। विद्यालयमा कक्षा ६ मा अध्ययनरत र विद्यालयबाहिर रहेका १० वर्ष उमेरका किशोरीलाई खोप लगाइएको थियो । विभिन्न कारणले विद्यालयबाहिर रहेकालाई पनि खोप लगाइएको हो। लक्षित सबै किशोरीलाई खोपको पहुँचमा ल्याउन स्वास्थ्यकर्मी विद्यालय र घरघरमा पुगेकाले सफल भइएको खत्रीले बताउनुभयो।

खोप अभियान सञ्चालन गर्नुअघि प्रदेश जनस्वास्थ्य कार्यालयले जिल्लाका १० वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखलाई अभिमुखीकरण दिएको थियो । पालिकास्तरमा स्वास्थ्य संस्था प्रमुखरवडास्तरमास्वास्थ्यकर्मीलाई समेत खोपसम्बन्धी जानकारी दिइएको थियो । यस वर्ष खोप अभियान सञ्चालनको जिम्मेवारी स्थानीय तहलाई दिइएको थियो।

पालिकाहरूले छुट्टाछुट्टै समय तालिका बनाएर खोप अभियान सञ्चालन गरेका थिए। आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा १० देखि १४ वर्ष उमेर समूहका ११ हजार १७७ किशोरीलाई एचपिभी खोप लगाइएको थियो। गत वर्ष कक्षा ६ मा अध्ययनरत किशोरीबाहेक १० वर्ष उमेर समूहका तीन हजार ३०२ किशोरीलाईसमेतखोपलगाइएको जनस्वास्थ्य कार्यालयले जनाएको छ।